# आउने इन्साफ

**जे.सी चोएट्**

मानिसहरु प्रायः आफ्नो जीवन यसरी जिउँछन् कि जीवनको सम्पूर्ण अस्तित्व यहि नै हो, यहाँ पछिको कुनै जीवन हुनेछैन्, र त्यसैले तिनीहरुको कुनै इन्साफ नहुने जस्तो व्यवहार गर्छन् । हामी सबैको एक दिन इन्साफ हुनेछ भनी बाइबलले सिकाउँछ ।

त्यस क्षणमा के हुनेछ भनेर धर्मशास्त्रले कसरी वर्णन गर्दछ? "...जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरुसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ । परमेश्वरलाई नचिन्नेहरुलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरुलाई उहाँले दण्ड दिनुहुन्छ । तिनीहरुले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्" (२ थेसलोनिकी १:७-९) ।

"एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा । किनभने, तुरही बज्नेछ, र मृतकहरु अविनाशी भएर जीवित हुनेछन्..." (१ कोरिन्थी १५:५२) । "...स्वर्गबाट आगो बर्सेर तिनीहरुलाई भस्म पार्‍यो । तिनीहरुलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झुटो अगमवक्ता पनि थिए । त्यहाँ तिनीहरुले दिनरात सदासर्वदै यातना भोग्नेछन् । तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें । उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरुका निम्ति कतै ठाउँ पाइएन् । मैले ठूला र साना सबै मृतकहरुलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरु खोलिए । अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो । ती पुस्तकहरुमा लेखिएका कुरामुताबिक, तिनीहरुका कामअनुसार मृतकहरुको इन्साफ भयो" (प्रकाश २०:९-१२) ।

- **त्यो दिन कहिले हुनेछ भनेर कसैलाई पनि थाहा छैन-यो प्रभुद्धारा तोकिएको दिन हो ।** हामी धर्मशास्त्रमा पढ्छौं, "जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, त्यसपछि इन्साफ" (हिब्रू ९:२७) ।
- **सबै जो कहिल्यै बाँचेका छन्, वा जो कहिल्यै बाँच्ने छन्, सबै त्यहाँ हुनेछन् ।** पावल लेख्दछ, "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ" (२ कोरिन्थी ५:१०) । फेरी उनी भन्दछ, "यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं (रोमी १४:१२) ।
- **परमेश्वरले ख्रीष्ट र उहाँको वचनद्धारा सबैको इन्साफ गर्नुहुनेछ ।** पावलले एथेन्सवासीहरुलाई व्याख्या गर्दछ, "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ । किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्धारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरुलाई यसको प्रमाण दिनुभएको छ" (प्रेरित १७:३०,३१) । "मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायाधीश छन् । जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ" (यूहन्ना १ २:४८) भनी ख्रीष्टले चेतावनी दिनुभयो, । "किनभने न्याय परमेश्वरकै परिवारबाट शुरु हुने समय आएको छ, र यदि यो हामीबाट शुरु हुन्छ भनेता परमेश्वरको सुसमाचार नमान्नेहरुको अन्त्य कस्तो होला?" (१ पत्रुस ४:१७) ।
- **पत्रुसको यो भनाइले इन्साफमा विभाजन गर्ने रेखालाई पहिचान गर्छ ।** "परमेश्वरको घराना" (१ तिमोथी ३:१५), "घराना" (एफिसी २:१९), "राज्य" (एफिसी ५:५), "शरीर" (१ कोरिन्थी १२:२७), "मण्डली" (कलस्सी १:२४), ख्रीष्टको "दुलही" (एफिसी ५:२३, ३१,३२) । सबैभन्दा पहिले, न्यायबाट बचाउनको लागि हामी त्यो शरीरमा हुनुपर्छ । हामी कसरी त्यो शरीरमा प्रवेश गर्छौं? पत्रुसले भनेझैं, "सुसमाचारलाई पालन गर्दै ।" १ कोरिन्थी १२:१३ ले बताउँछ, किनकि एउटै पवित्र आत्माद्धारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं...।" बप्तिस्मामा ख्रीष्टसँगै गाडिएपछि, हामी उहाँमा त्यो नयाँ जीवनको चालको लागि उठेका छौं (रोमी ६:३,४) ।
- **ख्रीष्टियान भएर आज्ञाकारी र सुरक्षित रुपमा परमेश्वरको आत्मिक तह भित्र बसेर, हामी विश्वास र आशाका साथ इन्साफको सामना गर्न सक्छौं ।** हाम्रो जिउने तरिका, हाम्रा विचारहरु र हाम्रा शब्दहरुद्धारा हाम्रो न्याय हुनेछ । ख्रीष्टले घोषणा गर्नुभयो कि "असल मानिसले आफूभित्र भरिएका असल थोकबाट

असलै थोक निकाल्छ, तर दुष्ट मानिसले आफूमा भरिएको दुष्टताबाट दुष्ट थोक नै निकाल्छ । म तिमीहरुलाई भन्दछु, हरेक व्यर्थको कुरा जो मानिसहरु बोल्दछन्, न्यायको दिनमा तिनीहरुले त्यसको लेखा दिनुपर्नेछ । किनकि तिम्रा वचनहरुले तिमी निर्दोष ठहरिनेछौं, र तिम्रा वचनहरुले तिमी दोषी ठहरिनेछौं” (मत्ती १२:३५-३७) ।

- **प्रभुले कसैको पक्षपात गर्नुहुन्न् ।** पावलले कलस्सीका भाइहरुलाई लेख्दछन्, “किनकि आफूले गरेका कुकर्मको फल कुकर्मीले पाउनेछ, र यसमा पक्षपात हुँदैन” (कलस्सी ३:२५) ।
- **अन्तिम इन्साफ हुनेछ ।** जब कोही मर्छ- या त प्रभुमा सुरक्षित छ, वा ख्रीष्टको आज्ञाकारितामा उसको पापहरु कहिल्यै पखालिएको छैन- प्रभुको अगाडि उसको स्थिति परिवर्तन हुन सक्दैन् । उनका आफन्तहरुको प्रार्थनाले उनलाई बचाउन सक्दैनन्, न ता अरुलाई प्रार्थना गरेर उनी बच्न सक्छन् । उनको लागि दोस्रो मौका हुनेछैन् । त्यसकारण उहाँको आज्ञापालन गरेर मृत्युसम्म विश्वासयोग्य भई मानिसले यस जीवनमा परमेश्वरलाई भेट्न तयार हुनुपर्छ (मर्कूस १६:१६; प्रकाश २:१०) ।
- **प्रभुले दुष्टहरुलाई अनन्त दण्डमा पठाउनुहुनेछ तर धर्मीलाई अनन्त जीवन दिनुहुनेछ** (मत्ती २५:४६) । एउटा अस्तित्व अर्कोको रुपमा चिरस्थायी छ । अर्को शब्दमा भन्नुपर्दा हराएका, पापी, अधर्मी र अविश्वासीहरुलाई सदासर्वदाको लागि यातनामा फ्याँकिनेछ । कसै-कसैले चुनौती दिनेछन् कि, यो उचित होइन् । प्रेमिलो परमेश्वरले त्यसो गर्नुहुन्न् । तर हामी परमेश्वरलाई दोष दिन सक्दैनौं । उहाँले सबै मानिसहरुलाई प्रेम गर्नुहुन्छ र सबैका लागि मुक्ति प्रदान गर्न आफ्नो पुत्र दिनुभयो । यदि कसैले त्यो प्रेम, अनुग्रह र दयालाई अस्वीकार गर्छ भने, उसले आफ्नो कामको परिणाम भोग्नुपर्छ । परमेश्वरको आज्ञा पालन गर्ने र उहाँप्रति इमान्दार रहनेहरु नयाँ स्वर्ग र नयाँ पृथ्वीमा सधैंभरि प्रभुसँग बास गर्नेछन् (प्रकाश २१,२२) ।
- “समुन्द्रले त्यसमा भएका मृतकहरु दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरुमा भएका मृतकहरु दिइहाले । तिनीहरु प्रत्येकको आफ्नो-आफ्नो काम अनुसार इन्साफ भयो । मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए । यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो । जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो” (प्रकाश २०:१३-१५) । यी कुराको गवाही दिनेले भन्नुहुन्छ, निश्चय, म चाँडै आउँदैछु” (प्रकाश २२:२०) ।

**सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस् ।**
**सत्यवाणी नेपाल, पो.ब.नं. २५९९९**
**मोबाइलः ९८४३०५२०९४**
Voice of truth international
votinepal@gmail.com

# आउने इन्साफ

**जे.सी चोएट्स**

